# बाँसगढी नगरपालिका

## Bansgadhi Municipality

## ०८ नं वडा कार्यालय

08 No. Ward Office

**6GRC+59 ककौरा (Kakaura)**

**लुम्बिनी प्रदेश, नेपाल** (Lumbini Province, Nepal)


प.स. (I.No.): २०८१/८२
चलानी नं. (Ref.No): ६७

मिती: २०८१ | ०४ | १३
ने.सं. :- ११४४, दिल्लागा:, ८ आइतबार

८ नं. वडा कार्यालय

विषय : सिफारिस सम्बन्धमा ।

**जो जस संग सम्बन्ध राख्दछ ।**

प्रस्तुत बिषयमा यस बाँसगढी नगरपालिका वडा नं ८ का जीवखर ढकाल को नाती ढाकाराम ढकालको छोरा कृष्णराज ढकाल ना.प्र.नं १०७९९ भएको श्री कृष्णराज ढाकाल यस कार्यालयमा सिफारिस गरी पाउँ भनि दिनुभएको निवेदनको आधारमा निज व्यक्तिले २०७४ सालबाट यस वडा लगायत छीमेकी गाउपालिका/नगरपालिका वडाहरुमा र विभिन्न संघसंस्थाहरुमा रही पशुपन्छीहरुको उपचार सेवामा संलग्नन रहेको जानकारी साथ सिफारिस गरिन्छ ।

तुलप्रसाद गौतम
वडा अध्यक्ष

208182-04-13-03-89-3536

## करार सम्झौता

बाँसगढी नगर कार्यपालिकाको कार्यालय (यसपछी पहिलो पक्ष भनिएको) र बर्दिया जिल्ला, बाँसगढी नगरपालिका, वडा नं. ८ बस्ने **श्री कृष्ण राज ढकाल** (यसपछी दोस्रो पक्ष भनिएको) का बीच बाँसगढी नगरपालिकाको सामाजिक परिचालक (पशु सेवा प्राविधिक सहायक चौथो तह) को कामकाज गर्न गराउन मिति २०७७/०७/१९ को निर्णय अनुसार देहायका कार्य/शर्तको अधिनमा रहि दोस्रो पक्षले पहिलो पक्षलाई सेवा उपलब्ध गराउन मन्जुर भएकाले यो करारको संझौता गरी एक/एक प्रति आपसमा बुझि लियौं दियौं :

### शर्तहरु

१. **कामकाज सम्बन्धमा :** दोस्रो पक्षले आफूलाई तोकिएको संलग्न कार्य विवरण अनुसारको कार्य पहिलो पक्षले तोकेको समय र स्थानमा उपस्थित भई गर्नु पर्नेछ र आवश्यकतानुसार थप काम गर्नु पर्नेछ ।

२. **काम गर्नु पर्ने स्थान :** बाँसगढी नगरपालिका क्षेत्र भित्र र पहिलो पक्षले तोकेको अन्य स्थानमा समेत ।

३. **करारमा काम गरे बापत पाउँने पारिश्रमिक :** प्रत्येक महिना व्यतित भएपछि, पहिलो पक्षले दोस्रो पक्षलाई मासिक रुपमा रु. २६,६१०।– (अक्षरुपी छब्बिस हजार छ सय दश रुपैयाँ मात्र) पारिश्रमिक उपलब्ध गराउनेछ । यसमा नियमानुसार करकट्टी गरेर भुक्तानी दिइनेछ ।

४. **चाडपर्व खर्च :** दोस्रो पक्षले वार्षिक रुपमा मासिक तलब बराबरको रकम चाडपर्व खर्चको रुपमा पहिलो पक्षले उपलब्ध गराउनुपर्नेछ ।

५. **पोशाक भत्ता :** दोस्रो पक्षले वार्षिक रुपमा रु.१०,०००।– (अक्षरुपी दश हजार रुपैयाँमात्र) पहिलो पक्षले उपलब्ध गराउनुपर्नेछ ।

६. **आचरणको पालना :** दोस्रो पक्षले बाँसगढी नगरपालिकाको प्रचलित कानूनमा व्यवस्था भएका आचरण तथा अनुशासन सम्बन्धी व्यवस्थाहरु पालना गर्नु पर्नेछ ।

७. **विदा :** दोस्रो पक्षलाई सार्वजनिक विदा बाहेक महिनाको ३ (तिन) दिन विदा पाउनेछ । साथै कार्यालयको लागि आवश्यक परेको खण्डमा विदाको दिनमा सेवा उपलब्ध गराउनु पर्नेछ ।

८. **कार्यालय सम्पत्तिको सुरक्षा :** दोस्रो पक्षले कार्यालयको चल अचल सम्पत्तिको नोक्सानी वा हिनामिना गरेमा सो को क्षतिपूर्ति वा हानी नोक्सानीको बिगो दोस्रो पक्षले पहिलो पक्षलाई दिनु पर्नेछ ।

९. **गोप्यता :** दोस्रो पक्षले कार्यालयको कागजपत्र, जिन्सी सामान एवं गोप्य कुरा वा कागजात अनधिकृत व्यक्ति वा देशलाई उपलब्ध गराएको प्रमाणित भएमा दोस्रो पक्षलाई करारबाट हटाई सोबाट भएको हानी नोक्सानीको क्षतिपूर्ति दोस्रो पक्षबाट भराईनेछ र कालो सूचीमा समेत राखिनेछ ।

१०. **करार अवधि :** यो करार २०७७/०७/१९ देखि लागू भई २०७८ साल असार मसान्त सम्मको लागि हुनेछ ।

११. **कार्यसम्पादन मूल्यांकन :** पहिलो पक्षले दोस्रो पक्षको कार्य सम्पादन मूल्यांकन गर्ने र सो मूल्यांकन गर्दा सालवसाली निरन्तरता दिन उपयुक्त देखिएमा कार्यविधिको दफा ९ बमोजिम करार निश्चित अवधिको लागि थप हुन सक्नेछ ।

१२. **पारिश्रमिक कट्टि र करार सेवाको शर्तको अन्त्य :** दोस्रो पक्षले पहिलो पक्षलाई लगातार ७ (सात) दिन भन्दा बढी उक्त सेवा उपलब्ध नगराएमा, सन्तोषजनक सेवा दिन नसकेमा अनुपस्थित रहेको अवधिको पारिश्रमिक दामासाहिले कट्टा गरिनेछ र सो भन्दा बढी सेवा नगरेमा स्वत: यो संझौता पहिलो पक्षले रद्ध गरी अर्को व्यवस्था गर्न बाधा पर्ने छैन । दोस्रो पक्षले शारीरिक रुपममा अस्वस्थ भई वा अन्य कुनै कारणले सेवा दिन असमर्थ भएमा वा काम सन्तोषजनक नभएमा वा आचरण सम्बन्धी कुराहरु बराबर उल्लंघन गरेमा दोस्रो पक्षसँगको संझौता रद्ध गर्न सक्नेछ र निजको सट्टा अर्को व्यक्ति करारमा राखि काम लगाउन बाधा पर्ने छैन ।

१३. **दावी नपुग्ने :** दोस्रो पक्षले यस करार बमोजिम काम गरेकै आधारमा पछि कुनै पनि पदमा अस्थायी वा स्थायी नियुक्ति हुनाका लागि दाबी गर्न पाउने छैन / गर्ने छैन ।

१४. **करार सम्झौता रद्द गर्न सकिने :** यो पदमा स्थायी कर्मचारी लोक सेवा आयोग मार्फत सिफारिस भई आएमा वा कुनै पनि सरकारी निकायबाट सरुवा तथा समायोजन भई आएमा यो करार सम्झौता रद्द गरिनेछ ।

१५. **प्रचलित कानून लागू हुने :** यस सम्झौतामा उल्लेख नभएको कुरा प्रचलित नेपाल कानून बमोजिम हुनेछ ।

| बाँसगढी नगरपालिकाको तर्फबाट: | रोहबर | दोस्रो पक्ष (करार गर्ने व्यक्ति): |
| --- | --- | --- |
| हस्ताक्षर : | डा. प्रेम कुमार मण्डल | हस्ताक्षर : |
| नाम : टोपेन्द्र बहादुर के.सी. | पशु विकास अधिकृत(आठौं तह) | नाम : कृष्ण राज ढकाल |
| पद: प्रमुख प्रशासकीय अधिकृत | बाँसगढी न.पा., बर्दिया । | ठेगाना :बाँसगढी न.पा.-८, बर्दिया । |
| कार्यालयको छाप : | | |

टोपेन्द्र बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

डा. प्रेम कुमार मण्डल
पशु विकास अधिकृत (आठौं तह)

# बाँसगढी नगरपालिका
Bansgadhi Municipality
# नगर कार्यपालिकाको कार्यालय
Office Of The Municipal Executive
बाँसगढी Bansgadhi बर्दिया Bardiya
6GRC+59 Bansgadhi लुम्बिनीप्रदेश

पत्र संख्या(L.No.):-२०८१।०८२
चलानी नं.(Ref No.):- ८३

मितिः २०८१/०४/१०
११४४ दिल्लागा ४ बिहिबार

श्री पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायी परिषद
त्रिपुरेश्वर, काठमाण्डौ

विषयः कार्य अनुभव सिफारिस सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा बाँसगढी नगरपालिका नगरकार्यपालिकाको कार्यालय पशु सेवा शाखामा कार्यरत ना.प.से.प्रा. (सहायक चौथो) कृष्ण राज ढकालले सेवा कार्य अनुभव सिफारिस पत्र पाउँ भनि यस कार्यालयमा पेश गर्नुभएको निवेदन अनुसार निजले मिति २०७७/०७/१९ देखि हालसम्म करार सेवामा रहि यस कार्यालयमा पदिय जिम्मेवारी अनुसार सेवा प्रवाह गर्दै आउनुभएको व्यहोरा सिफारिस साथ अनुरोध गरिन्छ ।

.............................
मन प्रसाद रेग्मी
उपसचिव
नेमित्त प्रमुख प्रशासकीय अधिकृत